आज मिति २०८२/०१/०७ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को चौधौं कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा किरण राई (प्र.प्र.अधिकृत) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |

**प्रस्तावहरुः**

१. अख्तियारी दिने सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा टीकाराज आरणको छोरा रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं ९ बस्ने ज्ञानेन्द्र आरण समेतका निवेदकहरुले यस लिम्चुङबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाराहा उदयपुर समेतका उपर सम्मानित सर्वोच्च अदालत समक्ष अदालतको अवहेलना (मुद्दा नं ०८१-MS-००३९) को निवेदन प्रस्तुत गरेको जानकारी यस गउँपालिका र गाउँपालिका अध्यक्ष समेतको नाममा जारी भएको ७ दिने म्याद सहितको निवेदनको प्रतिलिपी मिति २०८१/१२/३१ मा प्राप्त गरेबाट थाहा जानकारी भयो । उक्त निर्दिष्ट म्याद मिति २०८२/१/७ गुज्रन गएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ५५ (१) बमोजिम थामी पाउने दिन १५ को म्याद थामी उक्त निर्दिष्ट म्याद भित्रै लिम्चुङबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय समेतको तर्फबाट सम्मानित सर्वोच्च अदालतमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गरी तारेखमा रहि मुद्दाको पुर्पक्ष गर्न लगायतका अन्य जे जो गर्नुपर्ने सम्पूर्ण कार्य गर्नका लागी उदयपुर जिल्ला, लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष तपाई श्री मेजर कुमारई राईलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं ३ माथि छलफल गर्दा आजको कार्यपालिका वैठकमा निर्णय गर्नु पर्ने थप प्रस्ताव नभएको कारण आजको वैठक बन्द गर्ने भनि निर्णय गरियो ।